"नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

# वैशाख

# पूर्णिमा



"सन्तोष सबभन्दा ठूलो प्रार्थना हो"

– बुद्ध

२०३१

Downloaded from http://dhamma.digital

# शुभ कामना

यस ज्ञानमाला सभाबाट 'बैशाख पूर्णिमा' पत्रिका निस्कन लागेको कुरा सुन्दा निकै खुशी लाग्यो। यो एउटा निकै राम्रो परम्परा हो। यो अशान्तमय संसारमा भगवान बुद्धको शान्तमय सन्देश प्रचार गरी मानव मात्रको कल्याण गर्ने तपाईंहरूको प्रयास सफल होस भन्ने शुभ कामना ज्ञापन गर्दछु।

पूर्णमान शाक्य

२०३१/१/४ रा. प. स. (लु. अ.)

# शुभ कामना

"भगवान बुद्धको शान्ति-सन्देश जन समक्ष ल्याई ज्ञानमाला सभाबाट प्रकाशित हुने "बैशाख पूर्णिमा" पत्रिकाले समाज वामा सक्रीय सघाउ पुऱ्याउने छ भन्ने धारणाका साथ शुभ--कामना व्यक्त गर्दछु।

२०३१/१/४

राम कुमार श्रेष्ठ
प्र. जि. अ.
पाल्पा, तानसेन

# शुभ कामना

भगवान बुद्धको महान विचारलाई साकार गराउने प्रेरणाले प्रेरित भइ धेरै पहिले देखि जन्मिएको पवित्र ज्ञानमाला सभाले अझ नयाँ किसिमको आकांक्षा र उत्सुकतालाई "बैशाख पूर्णिमा" पवित्र धार्मिक पत्रिकाले पुस्टचाई गर्नमा सफलता मिलोस् भन्ने मेरो धारणा छ, यही नै मेरो शुभ कामना छ।

दुर्ग बहादुर राणा

२०३१/१/४ सभापति– (जि. पं. पाल्पा)

Downloaded from http://dhamma.digital

बुद्धं सरणं गच्छामि धम्मं सरणं गच्छामि संघं सरणं गच्छामि

# वैशाख पूर्णिमा

[ धार्मिक वार्षिक मुख पत्र ]

वर्ष १३ ★ अङ्क ४

प्रधान सम्पादक

मंगलनारायण नापित

सम्पादक मण्डल

तिलकमान महर्जन
चकोरमान शाक्य
चन्द्रलाल शाक्य
लाल शाक्य

Downloaded from http://dhamma.digital

प्रकाशक

ज्ञानमाला सभा, महाचैत्य बिहार

तानसेन, टक्सार

लुम्बिनी अञ्चल, नेपाल

५०० प्रति

| बुद्ध सम्बत् | नेपाल सम्बत् | बिक्रम संम्बत् |
| --- | --- | --- |
| २५१८ | १०९४ | २०३१ |

मुद्रक– तिलक प्रेस, तानसेन टक्सार

Downloaded from http://dhamma.digital

## सम्पादकीय—

भगवान गौतम बुद्धको शुभ जन्म, बुद्धत्व प्राप्ति तथा महापरिनिर्वाणको वियोग परेको बैशाख पूर्णिमाको पुनीत दिवसलाई विश्वमानवले गहीरो श्रद्धा एवं गौरवका साथ पवित्र पर्वको रूपमा मनाउने गर्दछन् । अज्ञान माथि ज्ञानको विजय, अन्धकार माथि प्रकाशको विजय, पापमाथि पुण्यको विजय र दुःख, शोषण, युद्ध कलह माथि शान्ति, मुक्ति र अहिंसाको बिषयको प्रतीक स्वरूप यो दिवस- यो महान पुनीत दिवसलाई प्राणीमात्रले हृदयंगम गर्ने गर्दछन् । यही क्रममा हाम्रो नेपाल राष्ट्र भरी मा पनि यो पुण्य दिवसलाई आफ्नै राष्ट्रिय ढंग आ-आफ्नै ऐतिहासिक परंपरा ढंगले, आफ्नै साँस्कृतिक परिपाटी अनुसार नतमस्तक भै श्रद्धा पूर्वक मनाउने गर्दछन् ।

बुद्धको जन्मस्थल लुम्बिनीकों समिपमा अवस्थित ऐतिहासिक तथा साँस्कृतिक नगरी यस तानसेनमा पनि बिगत वर्षौं देखि बैशाख पूर्णिमा दिवस आफ्नै ढंगले, यथा सम्भव रूपले श्रद्धा एवं भक्ति भावना व्यक्त गर्ने गरेका थिए र बिगत २००२ साल देखि यस महान पर्वलाई विशेष सज धज र भव्यताका साथ मनाउने गर्दै आएको छ ।

यस महोत्सव मनाउने सिलसिलामा यस ज्ञानमाला सभा ले दुई पटक बैशाख पूर्णिमा पत्रिका प्रकाशित गरेर आफ्नों योगदान दिएका हुन । तर बिचमा करीब १० वर्ष सम्म यो क्रम टूटन गयो र यस पटक ज्ञानमाला सभाबाट सो पत्रिका पुनः प्रकाशित गर्ने अठोट स्वरूप यो सानो पत्रिका आजको पुनीत्त अवसरमा यहाँहरूको समक्ष टक्र्याउन पाउँदा हामीलाई विशेष हर्ष र गौरब अनुभव भई

Downloaded from http://dhamma.digital

रहेछ । यस पटक यो पत्रिकाको सम्पादन गर्ने कार्य नयाँ पिढीको काँधमा पर्न आएको हुंदा, हामीलाई एउटा नौलो प्रयास, नौलो अनुभवको भान भइरहेछ । काममा त्रुटि भएता पनि र आकारमा सानो भएता पनि यस पत्रिकालाई स्तरपूर्ण बनाउन हामीले आफ्नो पूर्ण शक्ति र क्षमता लगाएकाछौं ।

अन्तमा यस पत्रिकामा विद्वतापूर्ण लेखहरू दिनुभै पत्रिकाको भव्यता कायमगर्न योगदान दिनु भएकोमा लेखक कवि महोदय-हरूमा हार्दिक साधुवादका साथै शुभ कामना दिनु भै हामीलाई प्रोत्साहन दिनु भएका महानुभावहरूलाई धन्यवाद अर्पण गरेकाछौं ।

यस पटकलाई यस्तै भयो । अर्को वर्ष यसको आकार प्रकार, सज्जा, भव्यतालाई अझ वृद्धि एवं परिमार्जन गर्ने विश्वास लिएकाछौं । अस्तु ।



Downloaded from http://dhamma.digital

# स्वचिन्तन

-चिनियालाल वज्राचार्य

मानिस चेतनशील प्राणी भन्नुको कारण उनमा ठिक-बेठिक छुट्याउने विवेक ज्ञान विद्यमान रहेको गुण मात्र होइन, मानिसमा विचार शक्ति, अनुभूति र अभिब्यक्ति गर्ने सक्षमता तथा कल्पना र चिन्तनद्वारा सत्यको अन्वेषण गर्ने सामर्थ्यताको बलियो आधार भएकोले हो। अर्को शब्दमा, मानिसले स्वचिन्तनको माध्यमबाट घटना ( Phenomenon ) को विष्लेषण गरेर सत्यको अन्वेषण गर्दछ र साथै समाजको विकास प्रक्रिया नियमित गरी रहेको हुन्छ। यथा स्थिति *(Status quo)* अवस्थाबाट गतिसीलता (dynamism) तिर समाजलाई अघि सार्ने मानिसको एउटै आधार स्वचिन्तन हो। स्वचिन्तनसीलता एउटा मानसिक स्थिति हो जसबाट उसले प्रत्येक वस्तुमा गुणात्मक परिवर्तन-क्रमिक विकास अनि फेरि गुणात्मक परिवर्तन खोज्दछ।

चिन्तन निम्न अवस्थाबाट शुरू हुन्छ र कालान्तरमा यसले पूर्णत्व पाएर एउटा सत्यको उपलब्धि गर्छ भन्ने ज्ञान हामीले भगवान बुद्धको प्रारम्भिक जीवनबाट प्राप्त गर्दछौं। शैर अवस्थामा बुढ़ा, रोगी, लाशको दृश्यले आत्मचिन्तन पैदा गर्दछ र यो चिन्तन प्रक्रिया यति गहिराईमा पुग्दछ कि अन्त्यमा विश्वमा एउटा सत्य ज्ञान प्रकट हुन्छ। अन्धकार र अन्धविश्वासमा रूमलिइएको विश्वमा एउटा ज्योति प्रज्ज्वलित हुन्छ। अन्ध समाजले एउटा गति पाउँछ, समस्याको समाधान भेटिइन्छ र मानवताले दुःखबाट त्राण पाउने मुक्ति मार्ग फेला पार्छ।

Downloaded from http://dhamma.digital

यसैले मान्सिको स्वचिन्तनसीलतालाई क्रिया रूप दिन र आत्मालम्बनको भाव प्रस्फुरण गर्न भगवान बुद्धले बारबार 'तिमी आफै तिम्रो जीवनको प्रदीप हौ' भनेर उपदेश गर्नु भएको छ। यति मात्र होइन यस आत्मचिन्तनको भावलाई प्रस्फुरण गर्न र यसमा पर्ने भ्रम निवारण गर्न वहाँले कुनै कुरालाई निम्न कुराहरूको आधार ले मात्र सहजै स्वीकार न गरी आफ्नै आत्मचिन्तन र आत्मविश्लेषण ले सत्य र उचित ठहर्‍याए मात्र विश्वास मान्नु उपदेश गर्नु भएको छ–

(क) यो कुरा मौलिक हो (ख) यो परम्परा देखि चलि आएको हो (ग) शास्त्रमा यो यस्तै लेखिएको छ (घ) यो हाम्रो धर्म संग मिल्दछ (ङ) यो तर्क संगत छ (च) यो न्याय संगत छ (छ) यसको आकार प्रकार ठिक छ (ज) यो हाम्रो विचार संग मिल्न आउँछ (झ) यो राम्रो र आकर्षक छ (ञ) र उपदेश दिने व्यक्ति सम्माननीय छन्।

उपरोक्त उधारण र उपदेशबाट हामीलाई आत्मचिन्तन गर्न प्रेरणा मात्र होइन हामीलाई स्वाध्ययन, स्वावलम्बन र आत्मविश्वास र आत्मबल पनि मिल्दछ। यसको साथै हीन भावबाट उम्केर मुक्ति पाउने बोधिज्ञान प्राप्त गर्न प्रेरणा मिल्दछ। अनि दैनिक रूपबाट व्यवहारमा पर्न आएका समस्या समाधानको माध्यम पनि यसैमा निहित रहेको छ।

Downloaded from http://dhamma.digital

# बुद्धको औषधि

## गृहस्थिहरूलाई—

-जगत बहादुर जोशी

एक पटक ब्याघ्रप्रजा जातिका मानिसहरू आफ्ना जल्दो बल्दो समस्या लिएर गौतम बुद्ध कहाँ गए। उनले बुद्धसित प्रश्न गरे।

"भगवन ! यस संसारमा सर्व साधारण मानिसहरू बस्छन। उनको यस लोकको जीवनलाई सुखी बनाउने र उनको परलोकको पनि कल्याण हुने कुनै शिक्षा वा उपदेश छन् कि छैनन् ?"

बुद्धले भन्नु भयो:-

सामाजिक सुख र कल्याण ४ कुरामा निर्भर छ।

१ सर्व प्रथम मानिसले अपनाएको शिप र ब्यवसायमा निपुणता र कुशलता ( *skill* र *efficiency* ) प्राप्त गर्नु पर्छ र त्यसलाई इमान्दारी साथ सदुपयोग गर्नु पर्छ।
यसलाई "उत्तम सम्पदा" भनिन्छ।

२ मानिसले इमान्दारी साथ आर्जन गरेको सम्पत्तिको सुरक्षा चोर डाँकू, अग्नि, पानी आदि बाट गर्न सक्नुपर्छ। यसलाई "आरक्ष सम्पदा" भनिन्छ।

३ मानिसको आफ्नो इमान्दारी, गुणी, असल मित्र हुनु पर्छ जसले कुमार्गबाट टाढ़ा राख्नमा सहयोग पुर्‍याउँछ। यसलाई "कल्याण मित्र" भनिन्छ।

४ मानिसले आफ्नो आम्दानी हेरेर खर्च गर्ने बानी बसाल्नु पर्छ। लोभ वश न त धनको संग्रहमा ब्यस्त हुनु ठीक हों। न त मनपरी वाहियातमा धन खर्च गर्नु नै उचित हो। यसलाई

Downloaded from http://dhamma.digital

"समजीविकता" भनिन्छ ।

उपरोक्त ४ कुरा अपूर्णनै रहन्छन् जब सम्म यी ४ कुराको पूर्ति हुंदैन ।

१ मानिसले सुखको लागि "नैतिकगुण" मा दृढ़ विश्वास राख्न सक्नु पर्छ । अर्थात् "नैतिकता तथा आध्यात्मिकता" (*moral and spiritual values*) मा "श्रद्धा" हुनु अनिवार्य छ ।

२ उसले पञ्चशीललाई जीवनमा अभ्यास गरेर जीवन क्रमको स्वभाव बनाउन सक्नु पर्छ । अर्थात् 'शील' धारण गर्नु अनिवार्य छ ।

३ लोभवश धन संग्रहमानै ब्यस्त न भएर "उदारता" तथा "दानशीलता" को व्यवहार उसलाई अपनाउनुनै पर्छ । यसलाई 'त्याग' वृत्ति धारण गर्नु भनिन्छ ।

४ सर्वोत्तम सुख प्राप्त गर्ने मार्गतिर लाग्न मानिसलाई आफ्नो विवेकको विकास गर्दै लैजाने अभ्यास गर्नु पर्छ । यसलाई 'प्रज्ञा' लाई अङ्गिकार गर्नु भनिन्छ ।

अर्थात् श्रद्धा, शील, त्याग र प्रज्ञा यी चार आधारशीला हुन् जसमाथि "उत्तम सम्पदा"; 'अखण्ड सम्पदा'; 'कल्याणमित्र' तथा समजीविकता फस्टाउन र हुर्कन सक्दछ । यी ८ तत्वले बनेको औषधिले दुःख, भोक, शोक, गरीबी आदि सामाजिक रोग निर्मूल पार्न सक्छ । भगवान गौतम बुद्धले २५१८ वर्ष अगाडी मानव समाजलाई दिनु भएको प्रेस्क्रिप्सन (*prescription*) आजको रोग ग्रस्त मानव समाजलाई कति उपयोगी हुन सक्छ मनन र चिन्तन गर्न लायकको छ ।

Downloaded from http://dhamma.digital

# हे मन !

कुलमणि देवकोटा

हे मन,
सबभन्दा पहिले 'न म'- दुइ कर जोडी नमः गर्छु ।
'धाम' को धूप सल्काएर
'सहज'-सलाईले 'बोहि'[१] बत्ती बालेर
'जिण र अण'[२]- घण्ट रन्काई
धन्काईदिन्छु हजुरका दशै दिशा ।
'अनुत्तर'[३]- को चमर हम्कंदै
'जिनउर'[४]- को ज्यूनार गराउँछु ।
शून्यको शयनागारमा
[५]धुनेको कपासको कोमल डसनामा
'महासुह'[६] को मखमली तन्ना कसी
हजुरलाई सुकला गराउँछु ।

---

१ बोधि । २ जिनरत्न । ३ अणुत्तर । ४ जिनपुर ।

५ तुला धुणि धुणि आँसु रे आँसु
आँसु धुणि धुणि विखर सेसु ॥
तुला धुणि धुणि सुणे अहारिउ । —सिद्ध शान्तिपा

६ महासुख

Downloaded from http://dhamma.digital

अनि यसरी पूजा गरी
'कर्मतथता' को कार्मुक भिरेर
'भूततथता' को चित्तल[1] मार्न जान्छु ।

अनि मारिएपछि
स्वबुद्धिको धारिलो छाला[2] काढनेछु,
त्यसको कंकालबाट मासु - मासु छुट्याउनेछु ।
अनि जोर्नी - जोर्नीमा प्रहार गरी
हाडहरू फाङफुङ पारीदिनेछु ।
अनि पछि त्यो चंचल चित्तलको सर्वस्व(हाडछालामासु संपूर्ण)
'निर्वाण'-को ठूलो बाटा भरी थुपारेर
आकाश- 'ख'[3] सम को अगाडि लगेर राखिदिई भन्नेछु-
'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पये ।'

---

१ अपणामांसें हरिणा वैरी । –सिद्ध भुसुकपा ।

२ 'इमं चर्मपुटं तावत् स्वबुद्धयैव पृथक कुरु ।
अस्थिपंजरतो मांसं प्रज्ञा-शस्त्रेण मोचय ॥
अस्थीन्यपि पृथक् कृत्वा पश्य ज्ञानमनन्ततः ।
किमत्र सारमस्तीति स्वयमेव विचारय ॥

—बोधिचर्यावतार

३ मालिक

Downloaded from http://dhamma.digital

# भगवान बुद्ध र वर्तमान

प्रा. छत्रराज शाक्य

आजको युग आणविक वा अन्तरिक्ष युग कहलिएता पनि अर्थात भौतिक क्षेत्रमा जतिसुकै उन्नति भएता पनि, आध्यात्मिक क्षेत्रमा आज भन्दा २५०० वर्ष भन्दा अगाडीको समय भन्दा पिछडी-एको छ भन्नुमा अत्युक्ति नहोला। २५०० वर्ष अगाडी नै भगवान बुद्धले वर्णप्रथा वा छुवाछुत प्रथालाई हटाउने क्रान्तिकारी कदम उठाई सक्नु भएको थियो। तर आज हाम्रो समाजलाई नियालेर हेर्दा, यो छुवाछुतको संकुचित घेराबाट हामी उम्कन सकेका छैनौ। यस कुराले पनि मानिसको प्रगति कहाँसम्म भएको छ, हामी आंक्न सक्दछौं। हाम्रो कुरा त छोडौं, सभ्य भनाउँदा पश्चिमेली विकसित देशको पनि त्यही हालत छ। काला र गोराको भेदभावले समय समयमा कैयौं अप्रिय घटना भएको प्रकाशमा न आएको होइन।

बुद्धकालीन महिला जरूर स्वतन्त्रताको लागि लड्नु परेको थियो। आज आएर महिलाको स्थिति त्यो भन्दा कम छैन। हाम्रो समाजमा महिलालाई विभिन्न वन्धनमा जकडेर पुरूष आफ्नो स्वार्थ शिद्ध गरिरहेका छन्।

बुद्धले भन्नु भएको छ— **"कसैले केही कुरा भन्दैमा पत्याउनु वा ग्रहण गर्नु पर्दछ भन्ने छैन। मैले भनेका कुरा-हरू पनि, तिमीहरूले आफ्नो वुद्धि र तत शक्ति अनुसार मनन गर विचार गर सत्य ठहरे अपनाउ अन्यथा त्याग।"** यस्तो महान उदारबादी उक्ति २५०० वर्ष अगाडी नै पाइसकिएको थियो। तर पनि आज मानिस अन्धविश्वासको दायराबाट मुक्त हुन

Downloaded from http://dhamma.digital

सकेको छैन । यति लामो समय भित्र मानिसले के सिक्यो ? के जान्यो त ? राग, द्वेष, मोहको घेरा भित्र रूमलिएर सधैं यसैले यो अधोगति भएको स्पष्ट हुन्छ । तैपनि मानिसले केही समय झिकेर यता तिर (अध्यात्म) सोच्न सकेको छैन ।

आज मानिस दुःखी छ। असन्तुष्ट छ। मनमा शान्ति छैन। पश्चिमेली देशका यी हिप्पीहरूले संकेत दिइरहेका छन्— भौतिक सम्पन्नताले मात्र शान्ति प्राप्त हुँदैन । त्यसैले यिनीहरू भौतिक सुख संपन्नताले परिपूर्ण आफ्नो देशलाई त्यागेर शान्तिको खोजमा पूर्वीय देशहरूमा आइरहेका छन् । तर आश्चर्य लाग्दछ, हामी आफ्नो गौरवमय अध्यात्मिक परम्परालाई त्यागेर खाली पश्चिमेली देशको देखासिकीमा लागेर भौतिक सुखको पछि अन्धा भएर दौडीरहेका छौं। जसले गर्दा झन अशान्ति, दुःख, कोलाहल चारैतिर व्याप्त हुँदैछ । यस प्रकारको दुःखबाट मुक्त हुन, शान्ति प्राप्त गर्न, मार्ग दर्शक भगवान बुद्धको अनुसार "तृष्णाबाट मुक्तहुन सक्नु पर्दछ ।" भारतीय दार्शनिक अर्थशास्त्री प्रोफेसर जे. के. मेहता को– " मानिस दुःखबाट मुक्त हुन ( आर्थिक दृष्टिकोणले ) आवश्यकता रहित स्थितिमा (*Wantlessness*) पुग्न सक्नु पर्दछ" भन्ने भनाई, भगवान बुद्धको "तृष्णा लाई त्याग्नु" भन्ने सिवाय केही होइन । तृष्णालाई त्याग्ने उपदेश हेर्दा जति सरल देखिन्छ, उत्तिकै पालन गर्न पनि गाह्रो छ । यस्को लागि हामीले क्रमशः प्रयास गर्दै जानु पर्दछ। तर हामी प्रयासै गर्न कहाँ खोज्दछौं र ?

आज मध्य पूर्वमा अशान्ति छ। भियतनाममा अझै पूर्णतया शान्ति छाएको छैन । इजरायल र अरब आपसी वैमनस्यताको युद्धले गर्दा, तिनीहरूलाई मात्र होइन सारा विश्वलाईनै, यस्को दुष्परि-

Downloaded from http://dhamma.digital

णाम भोग्नु परिरहेको छ । तेल संकटले गर्दा कैयौं देशको आर्थिक प्रगति मा तगारो उत्पन्न भएको छ । यी दुबै पक्षले द्वेषलाई त्यागी, एक पटक मात्र भगवान बुद्धको शान्ति सन्देशलाई नियालेर हेरेको खण्ड मा यो दुषित वातावरणमा अल्झिराख्नु पर्ने थिएन होला ।

अन्तमा आज भगवान बुद्धको जन्म, बुद्धत्वप्राप्ती, महा परि निर्वाण भएको बैशाख पूर्णिमाको पुनीत अवसरमा हामी सबैले भग- वान बुद्धको पावन उपदेश अनुसार- छुवाछुत प्रथालाई सामाजिक रुप बाट बहिष्कारगर्ने, महिला वर्गलाई समान अधिकार दिने (व्यवहारमा) कुत्सित भावनालाई त्याग्ने, राग, द्वेष, मोहको घेराबाट छुटकारा पाउन प्रयासगर्ने, आदि प्रण गरौं । विश्वमा हुने कलह, अशान्तिलाई दमन गर्ने भगवान बुद्धको शान्ति सन्देशलाई अझै व्यापक रुपमा विश्व भरी फैलाउने प्रयास गरौं । मानव मात्रको धर्म बुद्ध धर्मलाई अझै विश्वव्यापी प्रचार गरौं । यसैमा मानव कल्याण छ ।

**उद्योगले नै उन्नति हुन्छ, आलस्यले हुँदैन । उन्नतिका सात साधन छन्ः श्रद्धालु हुनु, पाप कर्मदेखि लज्जाउनु, लोकापवाद देखि डराउनु, विद्वान हुनु, सत्कार्यमा उत्साह बढाउनु, स्मृति जागृत राख्नु तथा बुद्धिमानहुनु ।**

**– बुद्धदेव**

Downloaded from http://dhamma.digital

# शान्तिका अग्रदूत बुद्ध

– निउरो

"बुद्धं शरणं गच्छामि, धम्मं शरणं गच्छामि, संघं शरणं गच्छामि'' यहीनै इहलौकिक तथा पारलौकिक सुखका मूल मन्त्र ठहरिन सक्छ कारण यहाँ धेरै धेरै असन्तुष्टीहरू छन् । पाषाण युगमा जस्तै आफु सम्म ठान्ने मान्छे आज पनि आफ्नो संस्कारलाई त्याग्न नसकेको तत्व स्वर्णाक्षरले लेखिने इतिहासले स्पष्ट गर्छ । यसका ज्वलन्त उदाहरण भियतनाम, पाकिस्तान, बंगला देश, इजरायल अरब संघर्ष तथा मध्यपूर्वको अशान्ति र दिगो गार्छियामा स्थापना गरिने अणु संस्थान को शित लहर आदिलाई औंल्याउन सक्छौं । जसले हिंसाको पाठ-लाई तिब्रता प्रदान गरेको छ । जसले शान्तिको झण्डालाई रक्ताम्य तुल्याउन भरमग्दुर प्रयत्न गर्दैछ । जसको लाठि उसको भैंसी भन्ने सिद्धान्तले अध्यावधि विजय प्राप्त गरेकै छ । यहाँ मर्ने मरेकै छ बाँच्ने बाँचेकै छ भन्नमा कुनै अतिशयोक्ति होवोइन । जातीय भावना तथा साम्प्रदायिक भावना र रंगभेद नीति आदि भावनाहरू झन झन शक्ति शाली बन्दै आइरहेका छन । हिंसाले विश्वलाई तेश्रो विश्व युद्ध तर्फ उस्काई रहेकै छ । त्यसैले अब बाँच्न पनि नपाइने हो कि भन्ने डरले मानव जातिलाई ग्रसित तुल्याइ रहेछ । आज मान्छे झन झन बढ़ि घमण्डी बन्दै आइरहेको छ । सोझो जतातत्तैबाट थिचिएको, पिसिएको मिचीएको हुन्छ त्यसैले नकारात्मक भावनाको विजय यहाँ अवश्यं-भावी बन्न आइ पुगेको छ जस्को फलस्वरूप चोर साधु साधु चोर बन्न यहाँ केही बेर नलाग्ने तथ्य स्पष्ट छ ।

Downloaded from http://dhamma.digital

विश्वमा तँछाड मँछाड, धनलोलुपता, धुर्त्याई, घूसखोरी, षडयन्त्र, संग्राम, हत्याकाण्ड, जासुसी प्रबृत्ति, भेदनीति, भोग विलासको चरमोत्कर्ष, राजनैतिक षडयन्त्र, स्वार्थपरायणता, युद्धविभीषिका र असन्तुष्टता जतातत‍ै दिन दुगुना रात चौगुना हुँदै बढ़दै आइरहेको छ। राजनैतिक, सामाजिक, आर्थिक, साहित्यिक परिवेशहरू पनि स्वार्थ-सिद्धि तर्फ मात्र औलिएको देख्न सकिने भएको छ। आजको तेल सङ्कट, बढदो महँगी, अपहरण आदि प्रक्रियाले प्रत्येक मान्छेलाई अनैतिक शिक्षा पढाउँछ, हिंसाको पाठ पढाउँछ। आजको यस्तो धमिलिंदो वातावरणमा धर्मले महान ऋम खेल्न सक्छ जुन बिना शान्ति असम्भव पनि छ। यस प्रकारको असन्तुष्टी भित्र क्रान्ति होइन शान्तिको खाँचो छ।

विश्वमा दोश्रो स्थान ग्रहणगर्ने बौद्ध धर्मले कसरी मानव जातिलाई आकर्षण गर्न सकेको छ भन्ने तथ्य जान्न जुनसुकै व्यक्तिलाई पनि बढी उत्सुकता जाग्दछ। आर्य धर्मका महापुरूषहरू मध्ये कान्छा आदित्य गोत्री गौतम बुद्ध हुन् भन्ने तथ्य बौद्धकालीन सभ्यताले स्पष्ट गरि नै दिएको छ। यसको जन्म हुनुको मुख्य कारण के थियो भने वैदिक सभ्यता र संस्कृतिमा भएका धर्मको नाउँमा हिंसा, स्वार्थ परायणता, जातिभेद र धनलोलुपता आदि दोषहरूलाई निर्मूल पार्न पूर्वी भारतमा सृष्टि भएको उपनिषद त्यसपछि प्रादूर्भाव भएको बुद्ध कालीन पालि साहित्यले गर्दा बुद्ध धर्मको ढोका विश्वको निम्ति खुला रहेको तथ्य स्पष्ट छ। ई. पू. छैटौं शताब्दी सम्मको बौद्धिक बेचैनी, मानसिक असन्तुलन आदि तनावहरूले मानव मस्तिष्क अशान्त थियो। बुद्धको प्रादुर्भाव पछि– सृष्टि के हो ? जीवन शान्त या अनन्त, जन्म भन्दा पहिले के थियो ? मृत्यु पछि के हुन्छ ? मृत्युसंगै जीवन

Downloaded from http://dhamma.digital

समाप्त हुन्छ अथवा मृत्यु पछि स्वर्ग मिल्छ ? इत्यादि जटिल प्रश्न-हरूलाई मनन गरेर चिन्तन शक्तिको क्रमलाई विस्तार गर्ने तथा निर्वाणकोमार्ग पैह्लिन सक्यो । दया र मैत्रीका विश्वासी, संकल्पता पक्का विचारमा अडिग, बोली व्यवहारमा तथा आचरणमा कोमलता र विनम्रता, वादविवादमा धीर, सहनशील तथा उदार जस्ता गुणहरूले उनलाई बढी प्रभाव पारेको तथ्य उनको जीवनगाथाबाट स्पष्टिइन्छ । बुद्धले बुद्धत्व प्राप्त गरेर कपिलवस्तु फर्कंदा बाबु शुद्धोदनलाई धर्म को परिभाषा यस्तो लगाएका थिए ।

**"धम्मं चरे सुचरितं, न तं दुच्चरितं चरे ।**
**धम्मचारी सुखं सेति, अस्मि लोके परम्हच ॥"**

"धर्मको आचरण शुद्ध रूपले गर्नु पर्छ, अशुद्ध रूपले गर्नु हुन्न, धर्मचारी नै यस लोकमा र परलोकमा सुख पूर्वक शयन गर्छ अर्थात सुख पूर्वक जीवन बिताउँछ ।" उनको दार्शनिक पक्षले वैज्ञागिक युग लाई सुहाउँदो योगदान प्रदान गरेको छ । परम्परागत संस्कृतिमा अडेको धर्मलाई संशोधन गर्ने सभ्यता र संस्कृतिमै नयाँ मोड ल्याउने तत्कालीन समाजलाई स्वतन्त्र चिन्तनको बाटोमा हिंडन सिकाउने आदि गुणहरूले गर्दा मानिसले यस धर्मलाई घृणित दृष्टिले नहेरि श्रद्धा र सहानुभूतिको दृष्टिले हेरेको पाउन सकिन्छ ।

बुद्धले यथार्थतापूर्ण धार्मिक, सामाजिक र राजनैतिक चिन्तन को साथसाथै शान्तिपूर्ण तरिकाले मनोवैज्ञानिकताको आधारमा हिंसा-त्मक धर्ममा संशोधन गरी सबैलाई आफुले देखाएको सुख र शान्ति को बाटोमा सरीक हुने प्रेरणा दिन सके । चतुरार्य सत्य र त्यसै अन्तरगतको अष्टांगिक मार्ग अति सरल भएकोले नै यस धर्मले

Downloaded from http://dhamma.digital

छोटो अवधिमै विश्वको आकर्षण फेला पार्न सकेको हो। जस्को आधारमा निर्वाण तथा मोक्ष प्राप्त गर्न सकिन्छ। (१) सम्यक दृष्टि (२) सम्यक संकल्प (३) सम्यक वाक् (४) सम्यक कर्म (५)सम्यक आजीव (६) सम्यक व्यायाम (७) सम्यक स्मृति (८) सम्यक समाधि उनका सदाचारी नियमहरू पनि सरल छन्। (१) कुनै जीवलाई न मार्नु (२) सधैं सत्य बोल्नु (३) चोरी नगर्नु (४) ब्रम्हचर्य बर्तको पालन गर्नु (५) धन संग्रह नगर्नु (६) कोमल शैया त्याग गर्नु (७) नृत्य-गान र मादक पदार्थहरूको त्याग गर्नु (८) सुगन्धित वस्तुको त्याग (९) असमयमा भोजनको त्यागगर्नु इत्यादि। जसले मानसिक चिन्तालाई लगाम कसि दिन सक्छ।

ईश्वरको अस्तित्वको सम्बन्धमा बुद्धले कुनै खास मत प्रकट गरेको पाईदैन नत उत्सुकतानै। उनको विचारलाई नत ईश्वर मान्ने पक्षमा नत अन्यथा मान्न सकिन्छ। उनि आफ्नो प्रसंगमा यसो पनि भन्छन्। "कुनै पनि ब्यक्ति अज्ञानतावश मेरो निन्दा गर्छ भने म उसलाई प्रेम गर्छु, उ जति मेरो कुभलाईको निमित्त अग्रसर हुन्छ त्यतिनै उसको भलाईको निमित्त प्रयत्न गर्दछु।" ब्यावहारिक दृष्टि-कोणबाट षनि उनलाई प्रथम गुरू मान्न सकिन्छ। "जुन शब्दमा आउँदैन उसको चर्चा छोड, जुन बुद्धिले ग्रहण गर्न सक्दैन त्यसमा लाग्नु ब्यर्थ हो।" आदि सरल तथा सुबोध विचारहरू हृदयग्राही ठहरिन आउँछन्। अ।जको अशान्तमय विश्वभित्र सुखको साथ बाँच्न सकिने एउटै उपाय छ, "शान्ति"। शान्तिको बाटो हामी कहाँ पाउन सक्छौं भन्ने तर्कनामा बुद्ध धर्मलाईनै औंल्याउन सक्छौं। जस्ले अहिंसा परमो धर्म तथा बहुजन हिताय बहुजन सुखायको सिद्धान्तलाई अँगालेर विश्वलाई एक सुत्रमा बाँध्न सक्षम बन्न सक्ने विश्वास लिन सक्छ, उसले निर्वाण तथा मोक्षको बाटो सुगमताका साथ पहिलाउन सक्छ। त्यसैले शान्तिका अग्रदूत बुद्ध हुन् भन्ने तथ्य आजको भयङ्कर शितयुद्धले विश्वलाई पुनः स्मरण गराएको छ। जसले विश्वलाई सुख शान्ति प्रदानगर्न सक्ने विश्वास लिन सकिन्छ। इति।

Downloaded from http://dhamma.digital

# सम्राट अशोक

– विनय कुमार कसजू

"विश्वको इतिहासका पानाहरूमा हजारौं शासकहरूको नाम अङ्कित छ, परन्तु अशोकको नाम यी मध्ये एउटा उज्यालो तारा झैं एक्लै चम्कन्छ। आज पनि वोल्गा नदी देखि जापान सम्म उनको नाम को आदर छ। चीन, तिब्बत र भारतमा पनि– यद्यपि यस क्षेत्रमा उनका मतानुयायी छैनन्— उनको इज्जत गरिन्छ।"

—एच. जी. वेल्स

साँच्चै अशोक एक महान सम्राट हुन्। उनी जस्ता ब्यक्ति भारतमा अरू कोही निस्केन। भारतको पहिलो सर्वाधिक बिशाल साम्राज्यको सम्राट भएर उनले आफ्नो जीवन जनताको सुख सुविधा र नैतिक उत्थानमा लगाए। उनी नजन्मेका भए शायद दक्षिण पूर्व एशिया तथा तिब्बत र चीनमा बौद्ध धर्मको प्रचार प्रचूर मात्रामा हुने थिएन होला।

सम्राट अशोकले शासनमा धर्मको समन्वय गरेर शासनको नयाँ अर्थ अर्थात् जनताको भौतिक र नैतिक उत्थान गर्ने उद्देश्य प्रस्तुत गरे। उपनिवेश प्रान्त तथा प्रजालाई हतियारले वशमा राख्नु भन्दा आध्यात्मिक शक्ति, प्रेमद्वारा उनीहरूको प्यार आदर प्राप्तगर्नु सच्चा विजय हो भन्ने उनको धारणा थियो। यसै भावनाले प्रेरित भएर उनले बर्मा, थाइल्याण्ड, तिब्बत आदि अनेक देशहरूमा धर्मदूत हरू पठाएर त्यहाँ धर्म प्रचारगरी उनले संसारको सम्भवतः सबैभन्दा ठूलो आध्यात्मिक क्षेत्र कायम गरेका थिए। संसारमा कति राजनैतिक उपनिवेशहरू बने र नष्ट भए, तर अशोकको धार्मिक

Downloaded from http://dhamma.digital

क्षेत्र आज पनि छँदैछ। एच. जी. वेल्सले भने झैं उनको काम वोल्गा देखि जापान सम्मका बौद्धमार्गीहरूको हृदयमा बाँचेको छ ।

अशोकको प्रारम्भिक जीवन त्यति त्यागमय थिएन । उनले इसा भन्दा लगभग २७१ वर्ष पहिले आफ्नो अनेक वन्धुहरूको रगत बगाएर राज्यसत्ता प्राप्तगरेका थिए । र चार वर्ष पछि मात्र उनको राज्याभिषेक भएको थियो । इ. पू. २५९ मा उनले कलिङ्ग देश (उड़िसा) माथि आक्रमण गरेर विजय पाए । युद्धमा लगभग एक लाख मानिसको मृत्यु भएकोमा उनी साह्रै विरक्तिए र बौद्ध धर्ममा दीक्षित भए। त्यस पछि उनले आफ्नो जीवन बौद्ध धर्मको माध्यमबाट जनताको कल्याणमा समर्पित गरे ।

धर्म प्रचारको लागि उनले अनेक उपाय अपनाए र उनी स्वयं पनि भ्रमण गरिरहन्थे । यसै सिलसिलामा उनले बोध गया र लुम्बिनीको पनि यात्रा गरेका थिए । लुम्बिनी बागमा उनको स्तम्भ अझै छँदैछ ।

"दिव्यावदान" नामक बौद्ध ग्रन्थको एक भाग "अशोकावदान" मा सम्राट अशोकले गरेका कामहरूको उल्लेख पाइन्छ। यस अनुसार उनी स्वयं तत्कालीन बौद्ध संघारामहरूको महास्थविर थिए । उनकै अध्यक्षतामा पाटलिपुत्रमा (पटना) तृतीय बौद्ध सम्मेलन सम्पन्न भएको थियो । सम्मेलन पछि विभिन्न देशमा धर्म प्रचारक दलहरू पठाइए। श्री लङ्का जाने दलले बोधि बृक्षको हाँगा लगेर अनुराधापुरमा रोपेको थियो। यसै दलमा अशोकका छोरा महेन्द्र र छोरी संघमित्रा सम्मिलित थिए ।

सम्राट अशोकका उपदेश, नियम र सन्देशहरू भारतको चारैतिर छरिएका छन्, ती मध्ये ३५ वटा शिला लेख, गुफा लेख र

Downloaded from http://dhamma.digital

स्तम्भ लेखहरू पाइएका छन् । २/३ ईटा खरोष्टी लिपिमा र अरू सबै व्राम्ही लिपि, प्राकृत भाषामा छन् । यी लेखहरूको महत्व ऐतिहासिक र धार्मिक मात्र नभएर भारतमा सांस्कृतिक एकताको प्रचार गर्नुमा पनि छ । यी पंक्तिहरूको लेखकले सारनाथ र इलाहाबादको स्तम्भ लेख, गीरनार ( गुजरात ) को शिलालेख हेर्ने तथा राजकोट ( गुजरातको ) भूमिगत तीनतले गुफामा जाने मौका पाएको छ ।

यो छोटो लेखमा अशोकका सबै महान कार्यहरूको उल्लेख गर्न खोज्नु अतिशयोक्ति पूर्ण हुनेछ । उनको काम पुस्तकमा सीमित नभएर एशियाको विशाल भूखण्डको जनजनमा व्याप्त छ । बौद्ध धर्मको चर्चा हुँदा अशोक महानको नाम सदैव श्रद्धापूर्वक स्मरण गरिने छ । उनी नभएका भए सम्भवत: धेरै व्यक्तिहरू बौद्ध धर्मको कल्याणकारी मार्गबाट बंचित हुने थिए होलान् ।

समाप्त

**"सत्य बोल्नु, क्रोध नगर्नु, कसैसंग विमुख नहुनु, यिन मध्ये कुनै एक धर्मद्वारा देवलोक प्राप्त हुन्छ ।"**

गौतम बुद्ध

Downloaded from http://dhamma.digital

# प्रश्न - उत्तर

### जवाफ- मेघराज शर्मा

## ( १. त्रिरत्न शाक्य )

प्र० पञ्चशील भनेको के हो ?

उ० हिंसा नगर्नु, चोरी नगर्नु, ब्यभिचार नगर्नु, झूठो नबोल्नु र मादक पदार्थ सेवन नगर्नु हो ।

## ( २. रूद्रप्रसाद शर्मा )

प्र० गौतम वुद्धले कुन वार वुद्धत्व प्राप्त गर्नु भएको थियो ?

उ० वुधवार

## ( ३. कृष्णप्रसाद शर्मा )

प्र० सवै भन्दा पहिले वुद्ध धर्ममा भिक्षुणी हुने को थिइन् ?

उ० प्रजापती गौतमी

## ( ४. अशोकमान शाक्य )

प्र० वौद्ध धर्म राम्रो संग पालन गर्न के भिक्षुनै हुनु पर्दछ ?

उ० पर्दैन, गृहस्थि भएर पनि वुद्ध धर्म राम्रो संग पालन गर्न सकिन्छ ।

---

" भगवान वुद्ध नेपालका सपूतहरू मध्ये एक यस्ता विभूति हुन् जसले विश्वलाई शान्ति सहनशीलता, अहिंसा र प्रेमको अमर सन्देश दिए " ।

— श्री ५ वीरेन्द्र

Downloaded from http://dhamma.digital

## २०३०/२०३१ साल ज्ञानमाला सभाको कार्यकारिणीका पदाधिकारीहरू ।

| | | |
|---|---|---|
| (१) | नन्दलाल शाक्य | अध्यक्ष |
| (२) | मेघराज शर्मा | उपाध्यक्ष |
| (३) | मंगलनारायण नापित | सचिव |
| (४) | शुमनलाल बज्राचार्य | सहायक सचिव |
| (५) | द्वारीकामान सैंजू | कोषाध्यक्ष |
| (६) | प्रेमराज शाक्य | सदस्य |
| (७) | चन्द्रलाल शाक्य | सदस्य |
| (८) | कृष्णप्रसाद शाक्य | सदस्य |
| (९) | वृषबहादुर शाक्य | सदस्य |
| (१०) | सूर्यमान बज्राचार्य | सदस्य |
| (११) | भुयुमान लिगल | सदस्य |

◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆◆

## २०३०/२०३१ साल सल्लाहकार समितिका पदाधिकारीहरू

(१) चकोरमान शाक्य
(२) चिनीयालाल बज्राचार्य
(३) बुद्धरत्न शाक्य
(४) बुद्धिमान महरजन
(५) विष्णुमान बज्राचार्य
(६) तिलकनारायण श्रेष्ठ
(७) धर्मरत्न बज्राचार्य
(८) वालप्रसाद नापित
(९) नारायणप्रसाद दंगोल
(१०) मंगलप्रसाद बज्राचार्य
(११) तिलकमान महरजन

Downloaded from http://dhamma.digital

# शुभ कामना

ज्ञानमाला सभाबाट प्रकाशन हुन लागेको "बैशाख पूर्णिमा" पत्रिकाले शान्तिका अग्रदूत भगवान गौतम बुद्धको सन्देश र महान-वाणी प्रचारितगर्न यथाशक्य योगदान देला भन्ने आशा गर्दै म तपाई हरूको यस प्रयासलाई सराहना गर्दै शुभ कामना व्यक्त गर्दछु ।

त्रिरत्न बज्राचार्य

२०३१/१/४ प्रधानपञ्च- (ता. न. पं.)

## शुभ कामना

यस 'बैशाख पूर्णिमा' पत्रिकाले बुद्ध सन्देश फैलाउन सफल रहोस् भन्ने शुभ कामना व्यक्त गर्दछु ।

प्रेमराज शाक्य

उप प्रधानपञ्च- (ता. न. पं.)

## धन्यवाद !

यो "बैशाख पूर्णिमा" पत्रिका प्रकाशित गर्न आर्थिक अनुदान रू० २००।- दिएर सहयोग गर्नु भएकोमा तानसेन नगर पंचायत प्रति यस ज्ञानमाला सभा परिवार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

*ज्ञानमाला सभा परिवार*

महाचैत्य विहार, तानसेन, टक्सार

Downloaded from http://dhamma.digital

सबै श्रद्धालु भक्तजनहरूको अनुपम सहयोगबाट निर्मित भएको

# " महाचैत्य विहार "

को

निर्माण कार्यमा प्लाष्टर लगाउने, फ्लोरिङ्गगर्ने र पछाडी पट्टी केही निर्माण कार्य बाँकी रहेको हुँदा

यस पुनीत कार्यमा यथाशक्य

**आर्थिक दान**

गर्नु भै पुण्य सञ्चय गर्नु हुन

**ज्ञानमाला सभा परिवार**

बाट

हार्दिक अपील गरेका छौं ।

मुद्रक - तिलक प्रेस तानसेन

Downloaded from http://dhamma.digital